**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिज नयाँ दिल्लीको राय पिथौरा सांस्कृतिक परिसरमा भगवान बुद्धसँग सम्बन्धित पिपरहवाका पवित्र अवशेषहरूको भव्य अन्तर्राष्ट्रिय प्रदर्शनीको उद्घाटन गर्नुभयो।

- गृहमन्त्री अमित शाहले तीन नयाँ आपराधिक कानूनले २०२९ सम्ममा सत्र न्यायालय देखि सर्वोच्च न्यायालयसम्म समयमै न्याय सुनिश्चित गर्ने बताउनुभएको छ।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो निर्देशनमा भेनेजुएलाको राजधानी काराकसमा सैन्य कारबाही गरिएको बताउनुभएको छ। संयुक्त राष्ट्र सुरक्षा परिषद्ले भेनेजुएलामा अमेरिकी हमलाको बारेमा चर्चा गर्न सोमबार आपतकालीन बैठक बोलाएको छ।

- निर्वाचन आयोगले ECI-Net एपमा सुधारका लागि मानिसहरुबाट सुझावहरू मागेको छ।

- अन्डर-१९ क्रिकेटमा, भारतले तीन म्याचको शृङ्खलाको पहिलो एकदिवसीय म्याचमा डकवर्थ-लुइस-स्टर्न-डीएलएस विधि अन्तर्गत आयोजक दक्षिण अफ्रिकालाई २५ रनले पराजित गर्‍यो।

**नयाँ प्रधानमन्त्री - पिपरहवा अवशेषहरू**

प्रधानमन्त्री नरेन्द्र मोदीले भगवान बुद्धले देखाएको मार्ग र ज्ञान सम्पूर्ण मानवताको लागि हो र उहाँका पवित्र अवशेषहरू केवल कलाकृतिहरू मात्र नभई देशको सम्मानित सम्पदाको अभिन्न अंग भएको बताउनु भयो। उहाँले भन्नु भयो - यी अवशेषहरू देशको सभ्यताको अभिन्न अंग हुन्। उहाँले भन्नु भयो भगवान बुद्धको आशिर्वादले साल 2026 ले विश्वमा शान्ति र समृद्धी ल्याउने छ। श्री मोदीले हिज नयाँ दिल्लीको राय पिथौरा सांस्कृतिक परिसरमा भगवान बुद्धसँग सम्बन्धित पिपरहवाका पवित्र अवशेषहरूको भव्य अन्तर्राष्ट्रिय प्रदर्शनीको उद्घाटन गर्नुभयो। यस अवसरमा उहाँले भन्नु भयो कि भगवान बुद्धको साझा विरासतले हाम्रो जुड़ाव गहिरो छ।उहाँले "प्रकाश र कमल: प्रबुद्ध व्यक्तिको अवशेष" शीर्षक रहेको प्रदर्शनीको सूचीपत्र पनि अनावरण गर्नु भयो। उहाँले भन्नु भयो भगवान बुद्धका अवशेषहरू जुन देशमा पनि गए त्याहाँ श्रद्धाका ज्वार उठेर आयो ।

**अमित शाह**

गृहमन्त्री अमित शाहले तीन नयाँ आपराधिक कानूनले २०२९ सम्ममा सत्र न्यायालय देखि सर्वोच्च न्यायालयसम्म समयमै न्याय सुनिश्चित गर्ने बताउनुभएको छ। उहाँले हिजो अण्डमान र निकोबार द्वीपको श्री विजयपुरममा गृह मन्त्रालयको संसदीय परामर्श समितिको बैठकको अध्यक्षता गर्नुहुदै यो कुरा बताउनुभएको । श्री शाहले यी कानूनहरूले अनुसन्धानलाई तीव्र पारेको र दोषसिद्धि दर बढाएको बताउनुभयो। उहाँले गृह मन्त्रालयले २०१९ देखि संसदीय परामर्श समितिको १२ वटा बैठक गरिसकेको छ, जसको सकारात्मक परिणाम आएको बतानुभयो। श्री शाहले २०२१ मा, देशमा कुनै पनि मोबाइल फोरेन्सिक लैब थिएनन्, जबकि आज तिनीहरूको संख्या एक हजार पुगेको बताउनुभयो। उहाँले आगामी पाँच वर्षमा देशभरि फोरेन्सिक लैबहरूको नेटवर्क स्थापना गर्न ३० हजार करोडको लगानी गरिने बताउनुभयो। उहाँले २०२९ सम्ममा, देशको प्रत्येक राज्यमा फोरेन्सिक विश्वविद्यालय वा केन्द्रीय फोरेन्सिक बलै हुने बताउनुभयो।

**डोनाल्ड ट्रम्प**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो निर्देशनमा भेनेजुएलाको राजधानी काराकसमा सैन्य कारबाही गरिएको बताउनुभएको छ। फ्लोरिडामा आयोजित पत्रकार सम्मेलनमा उहाँले  अमेरिकी सेनाले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई पक्राउ गर्नका लागि काराकसमा रहेको एक सैन्य अड्डालाई निशाना बनाएको बताउनुभयो। ट्रम्पले अमेरिकाले भेनेजुएलामा सत्ता सुरक्षित, न्यायपूर्ण र वैध हातमा नफर्केसम्म शासन गर्ने बताउनुभयो।

( BYTE)

**प्रतिक्रिया- ट्रम्प वेनेजुएला**

अमेरिकी सेनाले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो र उनकी श्रीमतीलाई पक्राउ गरेपछि विश्व नेताहरूले मिश्रित प्रतिक्रिया व्यक्त गरेका छन्। रूस, चीन, इरान, ब्राजिल र क्युबा लगायत धेरै देशहरूले अमेरिकी सैन्य कारबाहीको निन्दा गरेका छन्, यसलाई भेनेजुएलाको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको उल्लङ्घन भनेका छन्।
रूसी विदेश मन्त्रालयले भेनेजुएला विरुद्ध अमेरिकी सैन्य आक्रमणको निन्दा गर्दै संयम अपनाउन र थप तनावबाट बच्न आह्वान गरेको छ। एक विज्ञप्तिमा, रूसले कारबाहीलाई उचितता दिने बयानहरू आधारहीन भएको बताएको छ। रूसले दुई देशहरू बीच वार्ताको लागि आह्वान गरेको छ र कूटनीतिक प्रयासहरूलाई समर्थन गर्न आफ्नो तयार रहेको बताएको  छ।
चीनले पनि अमेरिकी हवाई आक्रमणको निन्दा गरेको छ, यसलाई वर्चस्ववादी कार्य र अन्तर्राष्ट्रिय कानूनको गम्भीर उल्लङ्घन भनेको छ। चिनिको विदेश मन्त्रालयले भेनेजुएला एक सार्वभौम देश हो र त्यहाको राष्ट्रपति विरुद्धको सैन्य कारबाहीबाट चीन आक्रोशित भएको बताएको छ।

क्युबाका राष्ट्रपति मिगुएल डियाज-क्यानेलले पनि आक्रमणको निन्दा गर्नुभएको छ र अन्तर्राष्ट्रिय समुदायबाट तत्काल प्रतिक्रियाको लागि आह्वान गर्नुभएको छ।इरानको विदेश मन्त्रालयले उक्त कार्यलाई आक्रामकता र सार्वभौम राज्य विरुद्ध बल प्रयोग निषेध गर्ने संयुक्त राष्ट्र संघको चार्टर र अन्तर्राष्ट्रिय कानूनको स्पष्ट उल्लङ्घनको रूपमा वर्णन गरेको छ।ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले अमेरिकी आक्रमण र राष्ट्रपति मादुरोको गिरफ्तारीको निन्दा गर्दै अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भएको बताउनुभएको छ। ब्रिटेनका प्रधानमन्त्री कीर स्टारमरले ब्रिटेन अपरेशनमा संलग्न नभएको बताउनुभएको छ| यसैबीच, भेनेजुएलाले ट्रम्प नेतृत्वको अमेरिकी सरकारको कडा आलोचना गरेको छ, यो कारबाहीलाई सैन्य आक्रमणको गम्भीर कार्य भनेको छ। देशले राष्ट्रिय आपतकाल घोषणा गरेको छ र राष्ट्रपति मादुरोलाई तुरुन्तै रिहा गर्न माग गरेको छ। उपराष्ट्रपति डेल्सी रोड्रिगेज़ले राष्ट्रपति मादुरो र उनकी श्रीमती सिलिया फ्लोरेस जीवित रहेको प्रमाण र उनीहरूको ठेगाना बताउने माग गर्नुभएको छ। रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले देशमा सैन्य बल तैनाथ गर्ने घोषणा गर्नुभएको छ |

**संयुक्त राष्ट्र अध्यक्ष - ट्रम्प वेनेजुएला**

संयुक्त राष्ट्रसंघका महासचिवले भेनेजुएलामा अमेरिकी सैन्य कारबाहीलाई खतरनाक उदाहरणको रूपमा वर्णन गर्नुभएको छ। संयुक्त राष्ट्रसंघका प्रवक्ता स्टेफेन डुजारिकले एक विज्ञप्तिमा महासचिव एन्टोनियो गुटेरेसले यस कारबाहीले गम्भीर क्षेत्रीय परिणाम निम्त्याउन सक्ने कुरामा चिन्तित रहेको बताउनुभएको छ। उहाँले संयुक्त राष्ट्रसंघको चार्टर सहित अन्तर्राष्ट्रिय कानूनको पूर्ण सम्मानको महत्त्वमा जोड दिनुभयो र यी नियमहरूको पालना नभएकोमा चिन्ता व्यक्त गर्नुभयो। महासचिवले भेनेजुएलामा मानव अधिकार र कानूनको शासनको पूर्ण सम्मान गर्दै समावेशी संवादको लागि आह्वान गर्नुभयो।

**संयुक्त राष्ट्र सुरक्षा परिषद बैठक - वेनेजुएला**

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले भेनेजुएलामा अमेरिकी हमलाको बारेमा चर्चा गर्न सोमबार आपतकालीन बैठक बोलाएको छ।यो बैठक परिषद्का अस्थायी सदस्य कोलम्बियाको अनुरोधमा बोलाइएको हो र यसलाई स्थायी सदस्य चीन र रुसले समर्थन गरेका छन्।संयुक्त राष्ट्र संघका लागि भेनेजुएलाको स्थायी नियोगले सुरक्षा परिषद्लाई पत्र पठाउँदै आपतकालीन बैठक बोलाउन अनुरोध गरेको छ अनि अमेरिकी कारबाहीको आलोचना गरेको छ। कोलम्बियाका राष्ट्रपति गुस्तावो पेट्रोले शान्ति, अन्तर्राष्ट्रिय कानूनको सम्मान र मानव मर्यादाको संरक्षणलाई अत्यन्तै महत्त्व दिनुपर्ने बताउनुभयो।

**ECI-Net एप**

निर्वाचन आयोगले ECI-Net एपमा सुधारका लागि मानिसहरुबाट सुझावहरू मागेको छ। १० जनवरी सम्म यस एपमा आफ्नु आफ्ना सुझावहरू पेश गर्न सक्नेछन्। आयोगले मतदाताहरूलाई राम्रो सेवा र निर्वाचनसँग सम्बन्धित जानकारी प्रदान गर्न यो डिजिटल प्लेटफर्म सिर्जना गरेको बताएको छ। निर्वाचन आयोगका अनुसार, एपको परीक्षण संस्करणले सुधारिएको मतदाता सेवाहरू, मतदान प्रतिशत प्रवृत्तिको तत्काल उपलब्धता र मतदान समाप्त भएको ७२ घण्टा भित्र सूचकांक कार्डहरूको प्रकाशन प्रदान गर्दछ। बिहार विधानसभा चुनाव २०२५ र त्यसपछिको उपचुनावको समयमा एप सफलतापूर्वक परीक्षण गरिएको थियो। प्रयोगकर्ता अनुभवलाई अझ राम्रो बनाउन मानिसबाट प्राप्त सुझावहरूको जाँच गरी समावेश गरिने आयोगले बताएको छ। ECI-Net प्लेटफर्म यस महिनाको अन्त्यमा आधिकारिक रूपमा सुरु गरिनेछ। एप गुगल प्ले स्टोर र एप्पल एप स्टोर दुवैमा डाउनलोडको लागि उपलब्ध छ।

**अफगानिस्तान भूकम्प**

हिज साँझ अफगानिस्तानमा ४.२ म्याग्निच्युडको भूकम्प गएको छ।राष्ट्रिय भूकम्प विज्ञान केन्द्रका अनुसार, भूकम्प भारतीय समय अनुसार साँझ ६ बजेर ३३ मिनटमा गएको थियो र यसको केन्द्रबिन्दु १४० किलोमिटर गहिराइमा रहेको थियो।

**अन्डर-१९ क्रिकेट**

अन्डर-१९ क्रिकेटमा, भारतले तीन म्याचको शृङ्खलाको पहिलो एकदिवसीय म्याचमा डकवर्थ-लुइस-स्टर्न-डीएलएस विधि अन्तर्गत आयोजक दक्षिण अफ्रिकालाई २५ रनले पराजित गऱ्यो।पहिले ब्याटिङ गर्दै भारतले ५० ओभरमा ३०० रन बनाएको थियो। जवाफमा दक्षिण अफ्रिकाले २७ ओभर र ४ बलमा १४८ रन बनाएर वर्षाका कारण म्याच अवरुद्ध भयो। म्याच पुनः सुरु हुन सकेन र भारतलाई डीएलएस विधिद्वारा विजेता घोषित गरियो।

**राष्ट्रिय भलिबल प्रतियोगिता**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज वाराणसीको 'डा. संपूर्णानंद स्पोर्ट्स स्टेडियम' ७२ औं राष्ट्रिय भलिबल प्रतियोगिताको उद्घाटन गर्नुहुनेछ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ उद्घाटन समारोहमा सहभागी हुनुहुनेछ। प्रतियोगिता ४ जनवरी देखि ११ जनवरी सम्म आयोजना हुनेछ। प्रतियोगितामा एक हजार भन्दा बढी खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन्। लगभग ७३ पुरुष र महिला टिमले भाग लिनेछन्।